नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र**
धुलिखेल, काभ्रेपलाञ्चोक
टेलिफोन नं. ०११-४१५०५५
फ्याक्स नं. ०११-४१५०७८

## जुनियर नापी तालिम सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७७।१०।२८ बुधबार)

यस केन्द्रद्वारा आ.व. ०७७/०७८ मा संचालन हुने एक वर्ष अवधिको जुनियर नापी तालिम (खुला समूह) मा खुला प्रतिस्पर्धाका आधारमा प्रशिक्षार्थी छनौट गरी संचालन गर्नुपर्ने भएकोले मिति २०७७।०८।१० बुधबारको गोरखापत्रमा प्रकाशन भएको सूचना विशेष कारणवश स्थगित गरिएकोमा देहायको योग्यता पुगेका नेपाली नागरिकहरुबाट देहाय बमोजिम पुनः दरखास्त आह्वान गरिएको छ ।

**आवश्यक प्रशिक्षार्थी संख्याः**- ४८ जना

क. खुला प्रतियोगिता तर्फः- २८ जना (प्रत्येक प्रदेशबाट ४ जनाका दरले (७x४=२८))

ख. समावेशी समूह तर्फः- २० जना (सबै प्रदेशको एकमुष्ट)

| सि.नं. | समावेशी समूह | माग संख्या |
|---|---|---|
| १ | महिला | ६ |
| २ | आदिवासी जनजाती | ६ |
| ३ | मधेशी | ४ |
| ४ | दलित | २ |
| ५ | पिछडिएको क्षेत्र | २ |

१. **आवश्यक न्यूनतम योग्यताः**

क. आवेदन दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई २४ वर्ष ननाघेको हुनु पर्नेछ ।

ख. २०० पूर्णाङ्कको गणित विषय सहित भौतिक विज्ञान र गणित विषयमा ५०-५०% र समग्रमा ५०% अंक प्राप्त गरेको वा letter Grading System मा गणित र Physics मा न्यूनतम $C^+$ ग्रेड सहित कम्तिमा 2.0 GPA प्राप्त गरी १०+२ उतीर्ण वा सो सरह ।

२. **उम्मेदवारले आवेदन फारमसाथ पेश गर्नुपर्ने कागजातहरुः**

क. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि,

ख. १०+२ को शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि,

ग. नेपाल बाहिरबाट अध्ययन गरी शैक्षिक योग्यता प्राप्त गर्नेको हकमा समकक्षता निर्धारण भएको प्रमाण-पत्रको प्रतिलिपी,

घ. समावेशी समूहबाट आवेदन दिन चाहने उम्मेदवारहरुले आवेदन फारमसाथ सम्बन्धित आयोग वा स्थानीय तहको सिफारिस-पत्र

ङ. पासपोर्ट साईजको फोटो ३ प्रति,

च. परीक्षा दस्तुर बुझाएको भौचर

३. **आवेदन फारम पाइने तथा बुझाउने स्थानः**- (१) नापी कार्यालय विराटनगर (प्रदेश १), (२) नापी कार्यालय जनकपुर (प्रदेश २), (३)भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल (वागमती प्रदेश), (४) नापी कार्यालय, पोखरा (गण्डकी प्रदेश), (५) नापी कार्यालय, बुटबल (प्रदेश ५), (६) नापी कार्यालय, सुर्खेत (कर्णाली प्रदेश) र (७) नापी कार्यालय, धनगढी (सुदूर पश्चिम प्रदेश)।

४. **आवेदन फारम तथा परीक्षा दस्तुरः**- रु.४००।-(अक्षेरुपी चार सय) र समावेशी समूह तर्फ प्रत्येक समूहको लागि रु.२००।-(अक्षेरुपी दुई सय) थप दस्तुर बुझाउनु पर्नेछ ।

५. **आवेदन फारम दस्तुर बुझाउने बैंक सम्वन्धि विवरण**- भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रको नाममा राष्ट्रिय वाणिज्य बैंक, धुलिखेल शाखा (कार्यालय कोड नं.३३६०४२६०१, बैंक खाता नं. १०००२०००१००००, राजश्व शिर्षक नं. १४२२४ (परीक्षा दस्तुर) ) मा रहेको खातामा जम्मा हुनेगरी जुनसुकै स्थानको राष्ट्रिय वाणिज्य बैंकबाट परीक्षा दस्तुर बुझाउन सकिनेछ । सो दस्तुर बुझाएको सक्कल भौचर आवेदन फारमको साथमा राखी पेश गर्नु पर्नेछ ।

[signature] ७८।१०।२८

६. आवेदन फारम बुझाउने अन्तिम मितिः- गोरखापत्रमा सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र र सो पछि ७ दिन सम्म दोब्बर दस्तुर तिरी आवेदन फारम बुझाउन सकिनेछ । अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय समयमा बुझाउन सकिनेछ । दोव्वर दस्तुरको समयलाई शैक्षिक योग्यता र अन्य कागजातका लागि गणना गरिने छैन।

७. आवश्यक न्यूनतम योग्यता लगायत अन्य कागजातहरुको प्रमाण नपुऱ्याएमा केन्द्रले जुनसुकै बखत आवेदन फारम रद्द गर्न सक्नेछ ।

८. तोकिएको मिति भन्दा पछि कुनै आवेदन फारम उपर कारवाही हुने छैन ।

९. आवेदन फारम यस केन्द्रबाट स्वीकृत भएपछि प्रवेश पत्र प्रदान गरिनेछ । सोही समयमा परीक्षा केन्द्र यस केन्द्रको website मा प्रकाशित गरिनेछ ।

१०. प्रशिक्षार्थी छनौट प्रकृयाः- लिखित परीक्षा । लिखित परीक्षा वस्तुगत प्रश्नपत्र (Objective Questions) को आधारमा लिईनेछ।

११. परीक्षा हुने मिति र स्थानः- मिति २०७७/१२/०७ शनिबार बिहान ११ बजे, आवेदन फारम बुझाएकै स्थानमा वा website मा प्रकाशित भए बमोजिमको केन्द्रमा।

१२. थप जानकारी आवश्यक परेमा भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, काभ्रेको फोन नं. ०११-४१५०५५ मा कार्यालय समय भित्र सम्पर्क गर्न, कार्यालयमा सम्पर्क राखी वा केन्द्रको website (www.lmtc.gov.np) बाट समेत जानकारी लिन सकिनेछ ।

१३. आवेदन फारम तथा पाठ्यक्रम केन्द्रको website बाट पनि download गर्न सकिनेछ ।

१४. लिखित परीक्षाको योग्यताक्रमका आधारमा गरिने छनौटको अन्तिम नतिजा केन्द्रको वेभसाइटमा प्रकाशित गरिनेछ ।